का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ पुस २०८२
सोमबार
12 January 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३३३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कांग्रेसमा नेतृत्वविरुद्ध शान्त विद्रोह

## नीति र नेतृत्व बदल्ने मोडमा विशेष महाधिवेशन



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ पुस

सभापति शेरबहादुर देउवासहित संस्थापन र शेखर कोइराला समूहको बहिष्कारबीच नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन आइतबार सुरु भएको छ । ६२ प्रतिशतभन्दा धेरै प्रतिनिधिले हाजिरी जनाएपछि विशेष महाधिवेशन नीति र नेतृत्व बदल्ने मोडमा पुगेको छ।

सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहितका नेताहरूलाई निम्ता गरिए पनि शीर्ष नेताहरू सहभागी नभएका हुन्। कांग्रेसको हाल कायम रहेका १४ पदाधिकारीमा तीन पदाधिकारीबाहेक सबैले विशेष महाधिवेशन बहिष्कार गरे। मञ्चमा पदाधिकारीमध्ये दुई महामन्त्रीका साथमा सहमहामन्त्री फरमुल्लाह मन्सुर मात्रै देखिए । केन्द्रीय सदस्यहरूमा भने संस्थापन र इतर दुवै समूहका थिए ।

उद्घाटन सभामै महामन्त्री गगन थापाले अब कांग्रेसको नीति र नेतृत्वबारे निर्णय लिने जिम्मेवारी प्रतिनिधिको हातमा आइपुगेको बताइसकेका छन् । कांग्रेस नेतृत्वले अनेकवाहना निकालेर १५औं महाधिवेशनको समय गुजारेपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको आह्वानमा प्रतिनिधिले नै विशेष महाधिवेशन बोलाएका हुन् । बदलिँदो परिस्थितिमा पार्टीको नीति, नेतृत्व र कार्यशैली बदल्नुपर्छ भन्ने मान्यतासहित बोलाइएको विशेष महाधिवेशनको महामन्त्रीद्वय थापा र शर्माले बिरुवामा पानी हालेर उद्घाटन गरेका थिए । २३-२४ भदौको जेनजी आन्दोलनपछि नेपाली कांग्रेसमा महाधिवेशनको रस्साकस्सी चलेको हो । २७ असोजमा उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएर देउवा उपचारका लागि »» पृष्ठ २ मा



### विधान फेरिने असन्तुष्टि केलाइने

विशेष महाधिवेशनमा नागरिक असन्तुष्टिको 'केस्राकेस्रा' केलाइने महामन्त्री विश्वप्रकाश शर्माले बताए। आमनागरिकका गुनासा, असन्तुष्टि र अपेक्षालाई बुँदागत रूपमा संकलन, पहिचान र समीक्षा गर्ने उनको भनाइ छ । 'तपाईंहरू प्रत्येकका असन्तुष्टिलाई केस्राकेस्रा, बुँदाबुँदामा केलाएर कांग्रेसको महाधिवेशनमा छलफल गर्नेछौं, पहिचान गर्नेछौं,' शर्माले भने, 'फागुन २१ गते रुख चिह्नमा मतदान हुनुअघि नागरिकका गुनासा टिपोट गरेर, पहिचान गरेर, नदोहोऱ्याउने संकल्पसहित विशेष महाधिवेशन गरेर हामी अघि बढ्दै छौं । विशेष महाधिवेशनको हलले नीति र नेतृत्व परिवर्तन गर्ने भनेकाले हलको कुरालाई नेताहरूले स्वीकार गर्नुपर्छ ।'

महामन्त्री शर्माले आफूहरू पार्टी विभाजनको पक्षमा नरहेको प्रस्टीकरण दिए । उनले भने, 'कतिपयलाई महामन्त्रीहरूले पार्टी फुटाउँछ भन्ने लागेको होला, हामी सिंगो कांग्रेस र देशको नेतृत्व गर्नेगरी अघि बढेका छौं । विशेष महाधिवेशनको उपस्थिति कुनै भिड होइन ।' विशेष महाधिवेशनको हलले जे निर्णय लिन्छ कांग्रेसको आगामी बाटो त्यही हुने बताए ।

# मधेशमा एक्लिँदै सिके

महन्थ ठाकुर र उपेन्द्र यादव एक भए। राजेन्द्र महतो र रेशम चौधरीलगायतका नेताहरू मोर्चाबन्दीको प्रयासमा छन्। तर एकता र मोर्चाबन्दी कतै संलग्न नभएको सिके राउत नेतृत्वको जनमत पार्टी एक्लै चुनावी मैदानमा छ।



"हाम्रो फ्लेवर फरक छ । हामी समान अधिकार, आत्मसम्मान, पहिचान, संघीयता, समानुपातिक समावेशिताका लागि लड्दै छौं ।

■ **सिके राउत**
**अध्यक्ष, जनमत पार्टी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ पुस

आइतबार काठमाडौंमा मधेश केन्द्रित दलका दुई फरक दृश्य देखिए । एकातिर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुर र जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव पार्टी एकीकरण प्रक्रियालाई औपचारिकता दिँदै थिए । अर्कोतिर जनमत पार्टीका अध्यक्ष सिके राउत मध्यबानेश्वरस्थित पार्टीको सम्पर्क कार्यालयमा बसेर अन्य पार्टीका नेता/कार्यकर्तालाई पार्टीमा प्रवेश गराउँदै थिए । अध्यक्ष राउतका अनुसार इन्जिनियर तथा समाजसेवी सोनु कुशवाहा, जितेन्द्र पण्डित, मोवाज आलमलगायत व्यक्ति उनको पार्टीमा समाहित भएका छन् ।

लोसपा, जसपा र जनमत मधेशमा प्रमुख राजनीतिक दलहरू हुन् । आगामी २१ फागुनको चुनावी तयारीमा रहेका यी दलहरू चुनावबाट थप शक्ति »» पृष्ठ २ मा

# पुरानै लयमा फर्कियो पृथ्वी जयन्ती

२०६३ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले पृथ्वी जयन्तीलाई राष्ट्रिय एकता दिवसका रूपमा नमनाउने निर्णय गरेको थियो ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २७ पुस

पृथ्वी जयन्तीमा वर्षौंपछि सिंहदरबार गेटमा आइतबार पुरानै माहोल फर्किएको देखियो । राष्ट्रपति रामचन्द्र पौडेलदेखि प्रधानमन्त्री सुशीला कार्कीसम्म, सरकारका प्रायः सबै मन्त्री, प्रधानन्यायाधीशदेखि राष्ट्रिय सभा अध्यक्ष/उपाध्यक्षसमेत नेपाल एकीकरणका अगुवा राजा पृथ्वीनारायण शाहप्रति श्रद्धासुमन अर्पण गर्न पुगे । सार्वजनिक दिवस दिएरै देशभर ३०४औं जन्यजयन्ती मनाइयो । सरकारी तवरबाट दिवस मनाइएलगत्तै राप्रपाले आफ्नै शैलीमा ऱ्याली प्रदर्शन, बाजागाजा र झाँकीसहित शालिकमा माल्यार्पण गऱ्यो । लगत्तै, भृकुटीमण्डपमा चियापान कार्यक्रम राख्यो, जहाँ प्रधानमन्त्री कार्कीसहित विभिन्न दलका नेताहरू सहभागी भए । पृथ्वी जयन्ती राष्ट्रिय दिवसका रूपमा त्यति सजिलै फर्किएको भने होइन । २०६२/६३ सालको जनआन्दोलनपछि एउटा समय राजाको नाम सुन्नै नचाहने अवस्था थियो । आन्दोलनकै क्रममा राजाहरूका सालिक ढालिए । त्यही क्रममा देशका धेरै पृथ्वीचोकबाट पृथ्वीनारायण शाहका सालिक ढालिए, हटाइए । कतिसम्म भने राजमार्गका नाम फेरेर लोकमार्ग भन्न »» पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

# किन सम्झिए मलेसियाका मिडियाले महेन्द्र शाहलाई ?





**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, २७ पुस

करिब ८ वर्षअघि आतंकवादी समूह आइसिसलाई आर्थिक सहयोग गरेको आरोपमा मलेसियाबाट निर्वासित नेपाली नागरिक महेन्द्रजंग शाह मलेसिया फर्किएको घटना मलेसियामा पुनः विशेष चासोको विषय बनेको छ।

व्यवसायी शाहमाथि सन् २०१६ मा आतंकवादी समूह आइसिसलाई आर्थिक सहयोग गरेको आरोपमा नेपाल डिपोर्ट गरेको चर्चा थियो । व्यवसायी शाहले उक्त आरोप कहिल्यै स्वीकार गरेनन् ।

यस पटक शाहका विषयमा लामो समाचार प्रकाशन गरेको मलेसियाको अनलाइन मलेसियाकिनीसँग पनि महेन्द्रले आफ्नो तर्फबाट कुनै पनि गलत काम नभएको »» पृष्ठ २ मा

### के भन्छन् शाह ?

**काठमाडौं/मस-** मलेसियालाई कर्मथलो बनाएर विभिन्न व्यवसायमा क्रियाशील व्यवसायी, ओटो कम्पनीका सिइओ, एचएसएस रिसोर्सेस म्यानेजमेन्ट एसडिएन बिएचडी कम्पनीका डाइरेक्टर एवं समाजसेवी महेन्द्रजंग शाहले आफ्नो असल चालचलन पुष्टि भइसक्दा समेत मलेसियास्थित नेपाली दूतावासले मलेसियाको सम्बन्धित निकायमा जानकारी नदिएका कारण आफू अन्यायमा परेको मध्यान्हसँगको टेलिफोन वार्तामा बताएका छन् ।

परराष्ट्र मन्त्रालयको दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखाले ५ डिसेम्बर २०२४ मा नै नेपाल प्रहरीले दिएको असल चालचलनको रिपोर्ट नेपाली दूतावास, क्वालालम्पुरलाई पठाएको थियो । परराष्ट्र मन्त्रालयले पठाएको पत्रमा मलेसियाको प्रहरी मातहत रहेको डाइरेक्टर अफ इ८ डिभिजन काउन्टर टेरोरिजमले गरेको अनुसन्धानका क्रममा अनुसन्धान प्रक्रिया पूरा गरी उद्धार गर्ने प्रयोजनका लागि नेपालबाट चालचलनको प्रहरी प्रतिवेदन आवश्यक परेकाले गृह मन्त्रालयको पत्रमार्फत प्राप्त »» पृष्ठ २ मा

**राष्ट्रिय झण्डाको सम्मान गरौं ।**

- राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैन:
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-वाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

***राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।***

नेपाल सरकार
विज्ञापन बोर्ड

# चुनावी सुरक्षा भरपर्दो छ : आयोग

**काठमाडौं /मस-** निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल, उम्मेदवार र मतदताका लागि सुरक्षाको भरपर्दो वातावरण हुने बताएका छन् । निर्वाचनमा सुरक्षाकै कारण राजनीतिक दल र उम्मेदवारले जनतासँग मात माग्न र मतदताले मतदान गर्न असुविधा हुने स्थिति नआउने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताएका हुन् ।

उनले एकीकृत सुरक्षा योजनाअनुसारका चारैसुरक्षा निकायले समन्वयात्मक काम गरिरहेको र नेपाल सरकारले पनि आवश्यक स्रोत साधन उपलब्ध गराइरहेको स्पष्ट गरे ।

'राजनीतिक दल, उम्मेदवार वा पक्षधरहरुले जनता र मतदातासमम्म आफ्ना विचार वा प्रचार लैजान निर्भयतापूर्वक विश्वस्त भएर लाग्नसक्ने स्थिति छ । सुरक्षाकै कारण मतदातासमक्ष उहाँहरु जान नसक्ने अवस्था छैन,' उनले भने, 'यसका लागि सुरक्षा निकायले चनाखो भएर काम गरिरहेका छन् । सरकारले स्रोत, साधन उपलब्ध गराएकै छ ।'




**सोमबार साझसम्म उम्मेदवारी फिर्ता लिन सकिने**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि समानुपातिक उम्मेदवारले सोमबार साँझ ४ बजेसम्ममा उम्मेदवारी फिर्ता लिन सक्ने छन् । निर्वाचन आगोगले आइतबार सूचना जारी गरी प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दलहरूवाट यही पुस १३ र १४ गते पेस भएको बन्दसूचीका सम्बन्धमा आयोगबाट स्वीकृत कार्यक्रम बमोजिम सम्बन्धित उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिन सक्ने व्यहोरा सम्बन्धित सबै उम्मेदवारहरूलाई जानकारी गराएको छ ।

हरिहरभवनस्थित समानुपातिक निर्वाचन अधिकृतको कार्यालय निर्वाचन आयोगमा सोमबा बिहान १० देखि ४ बजेसम्म उम्मेदवारी फिर्ता लिन सकिने आयोगले जनाएको छ । साथै बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को अनुसूची १८ बमोजिमको ढाँचामा निवेदन दिन सकिने र कुनै कारणवस सम्बन्धित उम्मेदवार उपस्थित हुन नसक्ने भएमा वारेसमार्फत नाम फिर्ता लिन निवेदन दिन सकिने आयोगले जनाएको छ ।

## कांग्रेसमा...

सिंगापुर गएका थिए । त्यसको पर्सिपल्ट असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षरसहित विशेष महाधिवेशन माग गर्दै कार्यवाहक सभापति खड्कामार्फत निवेदन दर्ता गराएका थिए । तर झन्डै डेढ महिना केन्द्रीय समितिको बैठक बसे पनि कांग्रेस अनिर्णयको बन्दी बनिरह्यो । सिंगापुरबाट फर्किएपछि राष्ट्रिय राजनीतिमा सक्रियता देखाएका देउवाले चुनावअघि महाधिवेशन गर्न नसकिने अडान लिन थाले । संस्थापनको त्यो रबैयाबाट बिच्किएको इतर समूह विशेष महाधिवेशनको तयारीमा जुट्यो । अन्तिम समयमा वैशाखमा गर्नेगरी नियमित महाधिवेशनको तालिका सार्वजनिक गरिए पनि विशेष रोकिएन । यसबीचमा कांग्रेसमा विशेष महाधिवेशन गर्ने र रोक्नेबीच लामो द्वन्द्व चर्किएको थियो ।

अन्ततः महाधिवेशन प्रतिनिधिहरूले नेतृत्वविरुद्ध भृकुटीमण्डपबाट शान्त विद्रोह गरेका छन् । विशेष महाधिवेशन यो स्थितिमा आउने संस्थापन पक्षका कुनै नेताहरूले आँकलनसमेत गरेका थिएनन् । सभापति देउवानिकट मानिएका राजन केसी, डिला संग्रौला, उदय शमशेर राणा, आङ्गेलु शेर्पा, विनोद चौधरी नानु बास्तोलासहित ३० जना केन्द्रीय सदस्यहरूले विशेष महाधिवेशनमा सहभागी छन् । प्रतिनिधिहरूको शान्त विद्रोहपछि सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित नेताहरू नयाँ रणनीतिको तयारीमा छन् । भृकुटी मण्डपमा भेला भएका महाधिवेशन प्रतिनिधिहरूको मनस्थिति नीति र नेतृत्व बदल्ने देखिन्छ । प्रतिनिधिहरूको भावनालाई संकेत गर्दै नेताहरूले समेत विशेष महाधिवेशनले विधानसम्मत रहेर नीति र नेतृत्व दुवै बदल्ने कुरालाई मान्ने बताएका छन् । 'तपाईंले विशेष महाधिवेशन माग्दै गर्दा नीति पनि बदल्ने नेता पनि बदल्ने भनेर माग गर्नुभएको छ,' उनले प्रतिनिधिलाई आश्वस्त पार्दै भने, 'विशेष महाधिवेशनको हलले गर्ने निर्णय कहाँ गएर टुंगिन्छ त्यो मलाई पनि थाहा छैन । म पनि तपाईंहरूले बोलाएर आएको पाहुना हो । हलले जे निर्णय गर्छ, मेरा लागि त्यो स्वीकार्य छ । मैले त्यसलाई मान्नुपर्छ ।'

महामन्त्री थापाले यो विशेष महानिधवेशनलाई नामजस्तै विशेष बनाएर टंग्याउनुपर्ने बताए । 'आजबाट नेपाली कांग्रेस पार्टीभित्र लामो समय जाम भएर बसेको पार्टी सञ्चालनको तरिका भत्कियो,' उनले भने, 'अबदेखि पार्टीका कुनै पनि सदस्यलाई कसैले पनि हेप्ने दिन गए ।' महामन्त्री थापाले महाधिवेशन प्रतिनिधिले गरेको निर्णय आफूले मान्ने बताउँदै विधानअनुसार महाधिवेशनभन्दा ठुलो कोही नभएको स्पष्ट पारे । महाधिवेशन प्रतिनिधिको भावनालाई समेटेर नीतिसहित नेतृत्व परिवर्तन स्वीकार्य हुने बताएका महामन्त्री थापाले नेतृत्व चयनको संकेत गरेका छन् ।

'अहिलेको नवयुवामा आशा जगाइराख्न, भरोसा जोगाउन र युवालाई मुलुकमै बसिराख्ने बनाउन हाम्रो काँधमा आएको छ । अब भरोसा दिलाउने काम हाम्रो हो । हामी दिलाउछौं,' उनले भने । कांग्रेसले नै २००७ सालदेखि नडगमगाई जनतामा विश्वास जगाइरहन सफल भएको इतिहास उनले स्मरण गराए । कांग्रेस राष्ट्रिय शक्ति भएकाले राष्ट्रिय समस्याको हल खोज्ने र समाधान गर्ने जिम्मेवारी पार्टीको महामन्त्री थापाले बताए ।

महाधिवेशनस्थलबाट ६२ प्रतिशत महाधिवेशनले सहभागी भएको भनिए पनि त्यो संख्या सामान्य बहुमत वरपर रहेको स्रोतले बतायो । 'विशेष महाधिवेशनको निर्णय गर्न आवश्यक बहुमत पुगेको छ,' विशेष महाधिवेशनका अभियन्ता सुवास पोखरेलले भने, 'महाधिवेशनको हलले गर्ने निर्णय नै सर्वस्वीकार्य हुने भएकाले नेताहरूले के भने भन्ने विषयका आधारमा मात्रै धारणा बन्दैन । विशेष महाधिवेशन हलमा बहुमत प्राप्त हुन्छ ।'

विशेष महाधिवेशन सचिवालयको दाबीअनुसार २६ सय ६२ प्रतिनिधिले नाम दर्ता गराएका छन् । कोशी प्रदेशबाट ४ सय २५, मधेश प्रदेशबाट ४ सय ४६, बागमतीबाट ४ सय ३२, गण्डकीबाट २ सय ९६, लुम्बिनीबाट ३ सय ९८, कर्णालीबाट १ सय ३४, सुदूरपश्चिम प्रदेशबाट १ सय ५८, उपत्यकाका तीन जिल्लाबाट १ सय ७८, भ्रातृ शुभेच्छुक र जनसम्पर्क समितिबाट १ सय ९५ जना प्रतिनिधि गरी जम्मा २६ सय ६२ जनाले नाम दर्ता गराएका हुन् ।

## मधेशमा...

आर्जन गर्न चाहन्छन् । यसका लागि महन्थ ठाकुर र उपेन्द्र यादव एक भए । सहमतिअनुसार एकीकरण हुने दलको नाम जनता समाजवादी पार्टी नेपाल नै कायम रहनेछ । पार्टीको चुनाव चिह्न छाता रहने तथा झन्डामाथि रातो, बीचमा सेतो र तल्लो भागमा हरियो रङको रहनेछ । एकीकृत पार्टी सञ्चालनका लागि ४३ सदस्यीय केन्द्रीय समन्वय समिति गठन गरिनेछ । सो समितिले आफूमध्येबाट ११ सदस्यीय सचिवालय बनाउनेछ । केन्द्रीय समिति समायोजन नहुन्जेल पार्टीको संगठन सञ्चालन, परिचालन, निर्देशन तथा निर्णायक भूमिकासमेत यही समन्वय समितिले निर्वाह गर्ने सहमतिमा उल्लेख छ । केन्द्रीय समन्वय समितिका निर्णय पार्टीका संरक्षक तथा अध्यक्षले प्रमाणित गर्नेछन् । समितिमा महन्थ ठाकुर संरक्षक र उपेन्द्र यादव अध्यक्ष रहनेछन् भने विभिन्न क्षेत्र, समुदाय र समूहबाट ४३ सदस्य समेटिएका छन् । पार्टीको निर्णयमा दुवैको हस्ताक्षर अनिवार्य हुने सहमति एक अर्कोप्रति विश्वास कायम रहन सकोस् भनेर गरिएको सहमति हो । एकता प्रक्रियामा सहभागी नभएमा अन्य नेता र मधेश केन्द्रित शक्ति मोर्चाबन्दीको प्रयासमा छन् । खासगरी राजेन्द्र महतो र रेशम चौधरीलगायतका नेता मोर्चाबन्दीको प्रयासमा लागेका हुन् । तर एकता र मोर्चाबन्दी कतै संलग्न नभएर सिके राउत नेतृत्वको जनमत एक्लै अगाडि बढ्दै छ ।

'हाम्रो फ्लेवर फरक छ' जनमत पार्टीका अध्यक्ष राउत सामाजिक सञ्जालमा लेख्छन्, ' हामी समान अधिकार, आत्मसम्मान, पहिचान, संघीयता, समानुपातिक समावेशिताका लागि लड्दै छौं ।' अधिकार नपाएका विपन्न निमुखा वर्गको कारणले राजनीतिमा होमिएको उल्लेख गर्दै उनी सबै नागरिकलाई समान अधिकार दिलाउनु आफूहरूको प्रथम कर्तव्य भएको बताउँछन् । अध्यक्ष राउत अगाडि थप्छन्, ' हामी हरेक नेपाली नागरिकले नागरिकता, आत्मसम्मान, पहिचान, शिक्षा, स्वास्थ्य र रोजगारी पाऊन् भनेर लड्दै छौं ।' संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा ढाल बनेर उभिरहने पनि उनको प्रतिबद्धता छ ।

एक्लै चुनावी अभियानमा रहेको जनमत पार्टी अनेकन एजेन्डा प्रस्तुत गरिरहेको छ । जसमा समान नागरिकता अधिकार, संघीयताको पूर्ण कार्यान्वयन, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, भाषा र सांस्कृतिक मान्यता, सुरक्षा निकायमा समान सहभागिता, सीमावर्ती क्षेत्रका समस्या समाधान, कृषकको हक र मूल्य, शिक्षा र स्वास्थ्य पहुँच, पहिचान र सम्मान, स्थानीय स्रोतमा स्थानीय अधिकार, संविधान संशोधन र विश्वासको राजनीतिलाई उनी जनताका बीचमा लगिरहेका छन् ।

एजेन्डाका साथसाथै नागरिकको तत्काल विश्वास जित्न जनमत पार्टीले विपन्न तथा आर्थिक रूपमा कमजोर परिवारलाई कम्बल वितरण गर्नेलगायतका कार्य गरिरहेको छ ।

## पुरानै...

थालिए । सरकारले वर्षौंदेखि मनाउँदै आएको पृथ्वी जयन्ती अनायसै मनाउन छाडियो । त्यसैपछि हो, पृथ्वी जयन्ती मनाउने एक्लो जिम्मेवारी राजसंस्था पुनर्स्थापनाको मुद्दा लिएको राप्रपाको काँधमा पुगेको ।

जनआन्दोलनपछि प्रधानमन्त्री बनेका गिरिजाप्रसाद कोइरालाले पनि पृथ्वी जयन्ती मनाउन खासै मन गरेनन् । २०६३ सालमा कोइराला नेतृत्वको सरकारले पृथ्वी जयन्तीलाई राष्ट्रिय एकता दिवसका रूपमा नमनाउने निर्णय गरेको थियो । राप्रपाले सुरुदेखि नै सो निर्णयको विरोध गर्दै आएको थियो । तत्कालीन राजा ज्ञानेन्द्र शाहको निरंकुशताको विरोधमा पूर्वराजाहरूका सालिक निशानामा परेका थिए । दशक लामो सशस्त्र विद्रोहबाट आएको नेकपा माओवादीको चाहना पनि पृथ्वीनारायण शाहलाई महत्व नदिने थियो । तर सोही दलका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नै प्रधानमन्त्री भएकाबेला २०७९ देखि पृथ्वी जयन्तीमा पुनः सार्वजनिक बिदा दिन थालियो ।

राप्रपा नेपालको साथ लिएर सरकार चलाउन उनी पृथ्वी जयन्तीमा सार्वजनिक बिदा दिन तयार भए । १० पुसमा सरकार गठन हुँदै राप्रपाले पृथ्वी जयन्तीलाई सर्त बनाएको थियो । त्यतिबेला प्रचण्डले भनेका थिए, 'पृथ्वी जयन्ती मनाउन मलाई कुनै आपत्ति छैन । पृथ्वीनारायण शाहले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई हामीले स्मरण गर्नुपर्छ ।'

बडामहाराजाका रूपमा पृथ्वीनारायण शाहलाई एकीकरणयताका पौने ३ सय वर्षसम्म स्मरण गरिँदै आएको छ । तर पञ्चायतकालसम्म पनि औपचारिक दिवस थिएन । २०४६ सालको राजनीतिक परिवर्तनपछि बल्ल पृथ्वी जयन्ती राष्ट्रिय दिवसकै रूपमा मनाउन लागिएको हो । शाह वंशको शासनकालमै दरबार, सेना र राज्यस्तरमा पृथ्वी जयन्ती मनाउने चलन सुरु भएको हो । तर त्यसबेला सार्वजनिक बिदाभन्दा बढी राजकीय/औपचारिक कार्यक्रम केन्द्रित थियो । राणाकालमा पनि पृथ्वी जयन्ती राजकीय रूपमा मनाइने गरेको इतिहासकार महेशराज पन्त बताउँछन् । तर त्यतिबेला विद्यालय, सैनिक ब्यारेक र सरकारी निकायमा कार्यक्रम हुन्थे ।

२०६२/६३ मा जनआन्दोलन र माओवादी 'जनयुद्ध'को रापतापमा झन्डै एक दशक पृथ्वी जयन्ती बनाउन छाडियो । त्यतिबेला राप्रपाका तत्कालीन अध्यक्ष कमल थापाले देशैभर पृथ्वीनारायण शाहको तस्बिर राख्ने अभियान चलाएका थिए । २०७२ को भूकम्पपछि निर्माण गरिएको मुख्यालय भवनमा पृथ्वीनारायणको सालिक राखेर नेपाली सेनाले देशैभर शालिक खडा गर्ने अभियान चलायो । पृतना र ठुला ब्यारेकहरूमा बर्सेनि सालिक राख्न थालियो । २०७२ मै एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री रहेका बेला तत्कालीन उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाको पहलमा औपचारिक रूपमा पृथ्वी जयन्ती मनाउन सुरु गरियो । अर्को वर्ष माओवादी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुनासाथ सो निर्णय खारेज भयो ।

राष्ट्रनिर्मातालाई सम्मान गर्ने सवालमा भएको यो उतारचढावलाई राजनीतिशास्त्रका प्राध्यापक डा. जनार्दन आचार्य राजनीतिक अपरिपक्वता बताउँछन् । 'गणतन्त्र नेपाल भएपछि सरकारको मान्यताअनुरूप पृथ्वी जयन्ती मनाउन छोडिएको थियो,' उनले भने, 'त्यस समयमा शाहको योगदानबारे राजनीतिक नेतृत्वले बुझेन ।' अन्य देशका राजाजस्तो नेपालका राजा क्रुर, शासक नभएको आचार्यको टिप्पणी छ । 'अन्य देशका राजाका गतिविधि पनि देखे होलान, बुझे होलान्,' उनी भन्छन्, ' हाम्रा देशका राजा सम्मान गर्न लायकका छन्, उनीहरूको योगदान बुझेर शाहप्रति सम्मान गर्न फर्के होलान् जस्तो लाग्छ ।'


पछिल्लो समय सबै नेपालीमा राष्ट्रप्रेमको भाव बढेको बताउँछन्, इतिहासकार पन्त । ' हामी नेपाली हुन लागि पनि त केही आधार चाहिएको छ, त्यो आधार भनेकै राष्ट्र निर्माता शाह हुन्,' उनले भने, 'नत्र नेपाल भारत वा कसैको भूमिमा हुन्थ्यो, त्यो बल्ल बुझे नेपाली जनताले ।' इतिहास कहिल्यै भुल्न नहुने उल्लेख गर्दै उनी थप्छन्, 'राजतन्त्रबाट खोसेर गणतन्त्र ल्याइएको हो । गणतन्त्र आउँदैमा इतिहास मेट्नतर्फ समेत लागे । इतिहास कसैले मेट्न सक्दैन, फरक यत्ति हो ढिलै भए पनि महत्व बुझे ।'

## किन...

दाबी गर्दै आफू कहिल्यै पनि आतंकवादी समूहसँग सम्बन्धित गतिविधिमा संलग्न नभएको बताएका छन् । ९ जनवरी २०२६ को अंकमा मलेसियाकिनी अनलाइनले 'आइसिसको सम्बन्धदेखि भिसासम्म : निर्वासित नेपाली कसरी मलेसिया फर्किए ?' भन्ने शीर्षकमा समाचार प्रकाशन गरेको छ । आफ्नो अघिल्लो निर्वासनका बारेमा विस्तृत रूपमा बताउँदै उनले नेपाल फिर्ता पठाउनुअघि मलेसियाली अधिकारीहरूले गरेको अनुसन्धानलाई सहयोग गर्न उनलाई १४ दिनका लागि हिरासतमा राखिएको थियो । उनले भनेका छन्, 'यदि म साँच्चै आतंकवादी भएको भए, मलेसियाको कडा कानुनअन्तर्गत निश्चित रूपमा आरोप लगाइएको पुष्टि हुने थियो ।' अध्यागमन विभागका स्रोतहरूले मलेसियाकिनीलाई यसपटक महेन्द्र व्यावसायिक भिसा (डिपी १०) प्रयोग गरेर मलेसिया फर्किएको बताएका छन् । मलेसियामा सामान्यतया उच्च-दक्ष व्यक्तिहरू वा व्यवस्थापनको माथिल्लो पद धारण गर्नेहरूलाई व्यावसायिक भिसा दिइन्छ । मलेसियाको कानुनअनुसार आतंकवादी गतिविधिमा संलग्न भएको विश्वास गरिएका विदेशीहरूलाई देशमा प्रवेश गर्न स्थायी रूपमा निषेध गरिएको मानिन्छ ।

शाह व्यावसायिक भिसामा मलेसिया पुगेपछि 'उनी कसरी फेरि मलेसिया प्रवेश गर्न सफल भए ?', 'कतै ठूलै सुरक्षा कमजोरी त भएन ?' भन्दै केही पक्षले आशंका गरिरहेको समाचारमा उल्लेख छ । समाचारमा नेपालका कम्तीमा दुई अन्य आप्रवासी कामदारका एजेन्टहरूले शाह मलेसिया फर्किएको र सफाइ सेवा प्रदान गर्दै लुगा धुने व्यवसाय चलाएको दाबी गरेका छन् । मलेसियाको बुकित अमनको विशेष शाखा डिभिजनअन्तर्गतको आतंकवाद विरोधी कार्यालयले शाहलाई १९ अगस्ट २०१६ मा हिरासतमा लिएर सोही वर्ष सेप्टेम्बर २ मा डिपोर्ट गरिएको बताएको छ । त्यतिबेलाका मलेसियाका प्रहरी महानिरीक्षक खालिद अबु बकरले शाहमाथि आतंककारीहरूको यात्रा सहज बनाउन कागजातहरू नक्कल गर्ने जिम्मेवारी राख्ने आशंका गरेका थिए । मलेसियाका लागि नेपालका तत्कालीन राजदूत निरञ्जनमान सिंह बस्न्यातले १ सय ४० विदेशीलाई नक्कली मलेसियाली भिसा जारी गरेको आरोपमा शाहलाई पक्राउ गरिएको बताएका थिए । तर शाहले बस्न्यातविरुद्ध नेपालमा भ्रष्टाचारको उजुरी दर्ता गरेपछि आफूलाई व्यक्तिगत द्वेषप्रेरित आरोप लगाएको दाबी गरेका छन् । शाहले भनेका छन्, 'निरञ्जनले मलाई आइसिससँग जोडेर बदनाम गर्ने प्रयास गरे, जुन संस्था मलाई थाहा छैन र जससँग मेरो कुनै सम्बन्ध छैन ।'

समाचारमा शाह हाल सेलाङ्गोरको चेरासमा रहेको तमान मालुरी अपार्टमेन्टमा सफाइ सेवा प्रदान गर्ने स्टेलर डायमन्ड एसडिएन बिएचडीको कम्पनीको ४० प्रतिशत सेयर स्वामित्वको आधारमा निर्देशक रहेको उल्लेख छ । गत वर्ष सेप्टेम्बरमा सिंगापुरमा रहेको इन्टरपोलको राष्ट्रिय केन्द्रीय ब्युरोले नेपाल प्रहरीसँग आतंकवादी र आतंकवाद-



Government of Nepal
MINISTRY OF HOME AFFAIRS
NEPAL POLICE HEADQUARTERS
Crime Investigation Department
Kathmandu, Nepal
(Character Verification Section)

Dispatch No:- 2081-641462
Phone:- 00977-1-5719865
Email: chalchalan@nepalpolice.gov.np
Date: 02 Dec 2024

To Whom It May Concern

Full Name : Mahendra Jung Shah
Father's Name : Man Bahadur Shah
Address : Lalu 4, Kalikot, Nepal
Date of Birth : 21 June 1983
Sex : Male
Nationality : Nepali
Citizenship No. : 328/1645 Citizenship Issued From : Kalikot

Status:
There is no criminal record against him till 02 December 2024 , as verified from central police crime database.

"Verification of True Copy of Original"
Certificate Number of the Notary Public: 2311
Date of Expiry of Certificate: June11, 2026 AD
Seal of the Notary Public
21 JAN 2025

Rajaram Khadka
(Police Inspector)

वित्तपोषण गतिविधिहरूमा संलग्नताको आशंकामा शाहका बारेमा जानकारी मागेको पनि समाचारमा उल्लेख छ ।

## के भन्छन्....

चालचलनको प्रहरी प्रतिवेदन र प्रमाणपत्र दूतावासमार्फत पठाएको उल्लेख छ । परराष्ट्र मन्त्रालयले मलेसिया प्रहरीलाई आफ्नो प्रहरी रिपोर्ट पठाएर सहजीकरण गरिदिन आग्रह गरेको अवस्थामा नेपाली दूतावासबाट सहजीकरण नहुँदा शंका उपशंकाको अवस्था निम्तिएको र आफूले गुनासो गर्ने ठाउँसमेत नपाएको शाहले मध्यान्हलाई बताए । बिदेशमा आफ्ना नागरिकलाई संरक्षण गर्ने दायित्व दूतावासको हो । आफ्ना नागरिक अपराधि नै भए पनि दूतावासले कानूनि लडाईंमा जोड दिन्छ तर नेपाल सरकार कै निकायहरुले शाहको बारेमा चारित्रिक प्रमाणीकरण पत्राचार गर्दा पनि दूतावासको मौनता रहश्यपूर्ण मानिएको छ ।

असल र इमानदार चालचलन भएको नागरिकको सरकारी निकायले प्रतिरक्षा गरिदिनुपर्नेमा केही नहुँदा विदेशी भूमिमा असाहय महसुस गर्नुपरेको पनि शाहले मध्यान्हलाई बताए ।

**Dashrathchand Municipality**
**Office of Municipal Executive**
**Sudurpaschim Pradesh, Nepal**
**Invitation for Bids**
**Date of publication: 2026/01/12, 28th Poush 2082**

1. **The Office of Municipal Executive, *Dashrathchand Municipality, Gdi, Baitadi*** invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | DCM/NCB/ WORKS/04/2082/083 | Apang punarsthapan Kendra Bhawan samm jane Gedada Lueta Motarbato Nirman | 2499250.67 | 65000 | 3000/-NRS |

2. **El**igible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Municipal Executive, Dashrathchand Municipality, Gadi, Baitadi**, Email: dnpbaitadi@gmail.comor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.Bidders, submitting their bid electronically, should deposit nonrefundable fee of **NRS 3000** bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank
   **Name of the Bank: RASTRIYA BANIJYA BANK, Gothalapani ,Baitadi**
   **Name of Office: Dashrathchand Municipality**
   **Office Account no Rajaswakhata Bid Fee.: GA 1.1 405010030101002**
   **Office Account no Dhauratikhata/ Bid Security.:4050100303000002**
4. Bidders are advised to visit actual site before submitting their bids. Bidders must submit along with their bids Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax clearances certificate for the F/Y 2081/82 or Tax return submission evidence or evidence of tax time extension for, Power of Attorney, self-declaration letter and Letter of Bid.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before **12 HOURS** on **2026/02/11, 28th Magh, 2082.** The bids will be opened at **2026/02/11, 28th Magh, 2082** at, **Dashrathchand Municipality Office,Gadi, Baitadi.** Bids must be valid for a period of **90** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned abovewhich shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# निर्वाचन प्रहरी भर्नामा उत्साह



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस

नेपाल प्रहरीले खुलाएको निर्वाचन प्रहरी भर्नामा फारम भर्नेको संख्यामा उत्साह देखिएको छ । प्रतिनिधि सभा निर्वाचनको सुरक्षामा खटाइने निर्वाचन प्रहरी भर्नाका लागि प्रहरीले आवेदन खुलाएको थियो ।

पुस २५ गतेदेखि देशभरका जिल्ला प्रहरी कार्यालयमार्फत इच्छुक व्यक्तिहरूले आवेदन दिइरहेका छन् । नेपाल प्रहरीका अनुसार दुई दिनमै २७ हजार बढीबाट दरखास्त संकलन भइसकेको छ ।

दरखास्त आह्वानको दोस्रो दिन शनिबार १७ हजार जनाले आवेदन दिएका थिए । यसपटकको निर्वाचनका लागि नेपाल प्रहरीले कुल १ लाख ३३ हजार ९८० जना निर्वाचन प्रहरी भर्ना गर्ने प्रक्रिया अघि बढाएको छ । निर्वाचन प्रहरी भर्ना तथा परिचालनका लागि अर्थ मन्त्रालयले ७ अर्ब १३ करोड रुपैयाँ बजेटको स्रोत सुनिश्चित गरेको छ ।

निर्वाचन प्रहरीमा भर्ना हुन इच्छुकले माघ १ गतेसम्म दरखास्त दिन सक्ने व्यवस्था गरिएको छ । यस निर्वाचनमा पहिलो पटक सशस्त्र प्रहरी बललाई पनि म्यादी प्रहरीको कोटा दिइएको छ ।

सशस्त्र प्रहरीले जिल्ला सुरक्षा समितिमार्फत आवेदन संकलन गरी १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गर्ने जनाएको छ । निर्वाचन सुरक्षालाई प्रभावकारी बनाउन ठूलो संख्यामा निर्वाचन प्रहरी परिचालन गरिन लागिएको नेपाल प्रहरीले जनाएको छ ।

## मधेशमा उत्साह

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ पुस

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुरक्षा व्यवस्था सुदृढ बनाउन निर्वाचन प्रहरी भर्ना प्रक्रिया सुरु भएको छ ।

रौतहट जिल्लामा आवश्यक कोटा अनुसार भर्ना हुन चाहने युवाहरूको जिल्लाका विभिन्न संकलन केन्द्रहरूमा ठूलो भीड लाग्न थालेको हो ।

जिल्लाका सुरक्षा निकायहरूले सार्वजनिक गरेको सूचना अनुसार रौतहटमा कुल ३ हजार ९ सय ५१ जना निर्वाचन प्रहरीको आवश्यकता रहेको छ । आवेदन दिन आएका युवाहरूको चापले जिल्लामा व्याप्त बेरोजगारीको अवस्थालाई समेत प्रष्ट पारेको स्थानीयको बुझाइ छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं डीएसपी विष्णुप्रदीप बस्यालका अनुसार कुल ३ हजार ८ सय ५१ जनामध्ये नेपाल प्रहरीतर्फ ३ हजार ४ सय ६६ जना, सशस्त्र प्रहरी बलतर्फ ३ हजार ८५ जना व्यवस्थापनका लागि जिल्लाका चार स्थानबाट आवेदन दिने व्यवस्था मिलाइएको छ ।

जिल्ला प्रहरी कार्यालय गौर, इलाका प्रहरी कार्यालय गरुडा, इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, इलाका प्रहरी कार्यालय लक्ष्मीनिया विजयपुर इच्छुक उम्मेदवारले आगामी माघ १ गतेसम्म सार्वजनिक बिदाको दिन समेत बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म आवेदन दिन सक्नेछन् । भर्नाका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्ने प्रावधान छ ।

सामान्य लेखपढ गर्न सक्ने नेपाली नागरिक, फौजदारी अभियोग नलागेको र कुनै राजनीतिक दलको सदस्य नरहेको, शारीरिक र मानसिक रूपमा स्वस्थ पुरुषका लागि न्यूनतम ५ फिट उचाई ३१-३३ इन्च छाती र ५० केजी तौल, महिलाका लागि न्यूनतम ४ फिट १० इन्च उचाई र ४२ केजी तौल गर्भवती नभएको, पूर्व सुरक्षाकर्मी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, पूर्व वनरक्षक, विदेशी सुरक्षा निकायमा काम गरेका अनुभवी व्यक्ति र यसअघिका निर्वाचनमा सन्तोषजनक काम गरेका निर्वाचन प्रहरीहरूलाई विशेष प्राथमिकता दिइने सूचनामा उल्लेख छ ।

छनोट भएका निर्वाचन प्रहरीको सेवा अवधि नियुक्ति भएको दिनदेखि कुल ४० दिनको हुनेछ । उनीहरूले नेपाल प्रहरीको जवान सरहको आधारभूत तलबका साथै रासन खर्च, खाजा र अन्य तयारी खर्च समेत प्राप्त गर्नेछन् । निर्वाचनलाई भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नका लागि सुरक्षा संयन्त्रलाई मजबुत बनाउने उद्देश्यले यो भर्ना प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाए ।

# सिमलताल दुर्घटना
# डेढ वर्षपछि भेटियो अवशेष

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस



तनहुँको आँबुखैरेनी गाउँपालिका-५ द्वोन्द्राङ बेँसीस्थित त्रिशूली किनारमा बसको अवशेष भेटिएको छ। भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालमा गत वर्ष बेपत्ता भएका दुई बसमध्ये एउटा गणपति डिलक्सको रहेको प्रहरीले जनाएको छ । बस बेपत्ता भएको ठाउँबाट २०० मिटर नजिक तनहुँतर्फ बसको अवशेष फेला परेको हो ।

इलाका प्रहरी कार्यालय मुग्लिनका प्रमुख प्रहरी निरीक्षक प्रतीक सिंहका अनुसार माछा मार्ने क्रममा जाल अड्किएपछि स्थानीयले खोतलेर हेर्दा बसजस्तो देखेपछि प्रहरीलाई खबर गरेका थिए । सोलगत्तै बालुवामा पुरिएको अवस्थामा बस देखिएपछि खनिएको हो ।

उनका अनुसार निलो रङको देखिएको र सिमलतालमा हराएको गणपति बसको रङसँग मिलेकाले सोही बस हुनसक्ने सम्भावना रहेको छ ।

२०८१ असार २८ मा नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालबाट पहिरोसहित दुई बस त्रिशूलीमा बेपत्ता भएका थिए । बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति र बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स त्रिशूलीमा बेपत्ता भएका थिए । दुई बसमा सवार ६५ जनामध्ये ११ जनाको शव फेला परेको थियो भने तीन जना घाइते भएका थिए । घटनामा ५१ जना बेपत्ता भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले बताए ।


## साउदीमा रोजगार

कम्पनी: HISSAH OBAID AL-OTAIBI EST. — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/२४ — चलानी नं.: ६०२५०४४२ — LT. No.: 336755

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: MOIED ALI AALE L-SHALAB CO. — शहर: AL JUBAIL
पूर्व स्वीकृत मिति: २०८२/०९/२४ — चलानी नं.: ६०२५०४४१ — LT. No.: 336754

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ५ गते (19 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Future Link International Pvt. Ltd.**
FutureLink — Govt Lic. No.: 839/066/67
P.O.Box.: 24253, Sinamangal-09, Kathmandu, Tel. No.:01-4488939
Email : hr.futurelinkinternational@gmail.com, Website : www.futurelinkint.com



## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनी: D.I. Main-line Job Agency — शहर: LIMASSOL

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९६ — LT. No.: 335057 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WARD ASSISTANT | 10 | 10 | स. काममा दक्ष | 850 | १४२,६४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/०८/११ — चलानी नं.: ६०२४७८७० — LT. No.: 334479 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesgirl | 0 | 20 | स. काममा दक्ष | 700 | ११७,४७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/०३/३२ — चलानी नं.: ६०२४१०७३ — LT. No.: 327241 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 2 | सम्बन्धित काममा दक्ष | 750 | १२५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 10 | 0 | | 650 | १०९,०८३ | | | | | | | |

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९७ — LT. No.:335058 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Houseman | 20 | 0 | स. काममा दक्ष | 750 | १२५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/०८/२४ — चलानी नं.: ६०२४८६९२ — LT. No.:335042 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 10 | 10 | स. काममा दक्ष | 800 | १३४,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

पूर्व स्वीकृत मिति: २०८२/०४/२७ — चलानी नं.: ६०२४२८९५ — LT. No.: 329159 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १६७,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 8 | 0 | | 750 | १२५,८६५ | | | | | | | |
| 3. | Receptionist | 0 | 3 | | 750 | १२५,८६५ | | | | | | | |

पूर्व स्वीकृत मिति: २०८१/०८/२४ — चलानी नं.: ६०२४८६९८ — LT. No.: 335059 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 10 | 0 | सम्बन्धित काममा दक्ष | 750 | १२५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bartender | 10 | 0 | | 750 | १२५,८६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ ५, ६ र ७ गते (19, 20 & 21 January 2026) मा हुनेछ ।**
**अन्तर्वार्ता लाङटाङ स्किल एकेडेमी काठमाडौंमा २०८२ माघ ५, ६ र ७ गते (19, 20 & 21 January 2026) मा हुनेछ ।**
**अन्तर्वार्ता शाखा कार्यालय पोखरा कास्कीमा २०८२ माघ ८ र ९ गते (22 & 23 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी ३ र ६ रु. ८०,००० अन्य रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**यसै कम्पनीबाट विभिन्न पदहरू – Cashier, Merchandiser, Barista, Bartender, Service Crew, र Kitchen Crew का लागि समेत माग आएको हुनाले, सम्बन्धित काममा दक्ष तथा इच्छुक व्यक्तिहरूले हामीलाई सम्पर्क गर्न सक्नुहुनेछ ।**

**Note :** साथै, Langtang Overseas ले आफ्नै Langtang Skills Academy मार्फत Waiter, Barista, Bartender, Housekeeping , Cleaning तथा Sales का लागी Training, English Communication Training र Interview Preparation Class को सुविधा पनि प्रदान गर्दै आएको छ ।

**LANGTANG OVERSEAS PVT.LTD.**
Govt. Lic. No.:1643/080/081
Basundhara-3, Kathmandu, Nepal, 01-4971229 | 01-5903078 |9802392459 | 9802392456 |
Pokhara Branch : 061-570074 | 061-570075 9856035786 | 9810124144 | 9705699786
Email - officelangtang@gmail.com, Web:- www.langtangoverseas.com


# युवा नेतृत्वबाट फेरिएको आँबुखैरेनी

**सुवास लामिछाने/मध्यान्ह**
तनहुँ, २७ पुस

तनहुँको आँबुखैरेनी गाउँपालिका कुनै समय सम्भावनाभन्दा बढी समस्याले चिनिने स्थानीय तह थियो । कमजोर पूर्वाधार, सीमित सेवा र प्रशासनप्रति नागरिकको घट्दो भरोसाले यहाँको पहिचान ओझेलमा परेको थियो । तर, आज विकासको गति, नागरिकसँगको संवाद र युवाको नेतृत्वका कारण आबुखैरेनीको चर्चा फरक छ । यस परिवर्तनको केन्द्रमा छन्, गाउँपालिका अध्यक्ष शुक्र चुमान ।



### भाषणभन्दा काममा विश्वास

अध्यक्ष चुमानको नेतृत्व शैली ठूला भाषणभन्दा ठोस काममा केन्द्रित छ । उनी निर्वाचित भएदेखि नै 'योजना कागजमा होइन, जमिनमा देखिनुपर्छ' भन्ने मान्यतामा अघि बढिरहेका छन् । सीमित बजेट र स्रोतका बाबजुद प्राथमिकता पहिचान गरेर काम गर्न सकिने उदाहरण उनले आबुखैरेनीमा प्रस्तुत गरेका छन् ।

### सडकले जोडिँदै बस्ती, पानीले बाँच्दै जीवन

गाउँपालिकाको विकासमा सबैभन्दा पहिले देखिने काम भनेकै सडक र खानेपानी हो । वर्षौंदेखि हिलाम्मे बाटो र असुरक्षित पैदल यात्रा गर्न बाध्य स्थानीय बासिन्दाका लागि सडक स्तरोन्नति र मर्मतले सहजता ल्याएको छ । खानेपानीको पहुँच नपुगेका बस्तीमा योजनाबद्ध रूपमा धारा विस्तार हुँदा स्थानीयको जीवनस्तरमा प्रत्यक्ष प्रभाव परेको छ ।

### शिक्षा र स्वास्थ्यमा लगानी

अध्यक्ष चुमान विकासलाई केवल भौतिक संरचनासम्म सीमित राख्दैनन् । विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक वातावरण सुदृढीकरण र स्वास्थ्य संस्थाको सेवा विस्तारलाई उनी दीर्घकालीन लगानीको रूपमा हेर्छन् । आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउनु र विद्यालयलाई गुणस्तरीय बनाउनु उनको प्राथमिकतामा पर्छ ।

### कृषिमा युवा भरोसा

आँबुखैरेनी कृषि सम्भावनाले भरिएको क्षेत्र हो । यही सम्भावनालाई अवसरमा बदल्न अध्यक्ष चुमानले कृषक लक्षित कार्यक्रमलाई प्राथमिकता दिएका छन् । अनुदान, तालिम र प्राविधिक सहयोगमार्फत व्यावसायिक कृषितर्फ आकर्षण बढ्दो छ । यससँगै, स्थानीय युवालाई गाउँमै रोजगारी सिर्जना गर्ने लक्ष्यसहित स्वरोजगार कार्यक्रम अघि सारिएका छन् ।

### खुला कार्यालय

अध्यक्ष चुमानको अर्को विशेषता भनेको नागरिकसँगको दूरी घटाउनु हो। खुला कार्यालय अवधारणा, प्रत्यक्ष संवाद र नियमित अनुगमन उनको कार्यशैलीको हिस्सा बनेको छ । कार्यालयमा मात्र सीमित नभई गाउँ-टोलमै पुगेर समस्या सुन्ने र समाधान खोज्ने प्रयासले जनप्रतिनिधि र नागरिकबीचको सम्बन्ध बलियो बनेको छ । युवा नेतृत्वले सबै समस्या एकैचोटि समाधान गर्न सक्दैन । तर, दिशा सही भए परिणाम आउँछन् भन्ने विश्वास आँबुखैरेनीमा देखिन थालेको छ। अध्यक्ष शुक्र चुमानको नेतृत्वमा गाउँपालिका सुशासन, विकास र जनउत्तरदायीतर्फ अघि बढ्दैछ । यही कारण, आँबुखैरेनी आज केवल एक स्थानीय तह होइन, नेतृत्वको पुस्तान्तरण सफल हुन सक्ने उदाहरण बन्दै छ ।

# घरदैलोमा स्थानीय सरकार

**ललित बोहरा/मध्यान्ह**
बैतडी, २७ पुस

बैतडीको पाटन नगरपालिका-८ ले जेष्ठ नागरिकप्रति सम्मान र सेवाको प्रकट गरेको छ। जिल्लाको पाटन नगरपालिका ८मा समाजिक सुरक्षा भत्ता वितरणका लागि बायोमेट्रिक भेरिफिकेशन गर्ने सरकारी टोली नै घरमा पुगेको हो।

चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका तर नवीकरणका क्रममा बायोमेट्रिक भेरिफिकेशन हुन नसकेका केही लाभग्राहीहरूका लागि वडा कार्यालयले थप सहजीकरण गरेको छ । वडाध्यक्ष तथा समाजिक विकास समिति संयोजक हरिष विष्टको नेतृत्वमा वडा सदस्यहरू र वडा कार्यालयका कर्मचारीहरूको टोलीले १९ जना जेष्ठ नागरिकलाई न्यानो ब्ल्यांकेट वितरण गरेको हो ।

टोलीले जेष्ठ नागरिकहरूको घरदैलोमै पुगेर ब्ल्यान्केट वितरण गर्नका साथै सम्मान तथा अभिनन्दन गर्दै आत्मीयता प्रकट गरेको थियो । जेष्ठ नागरिकलाई राज्य र समाजले दिएको कदरको अनुभूति गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको वडाध्यक्ष बिष्टले बताएका छन् ।



वडाध्यक्ष विष्टको पहलमा वडा कार्यालयको टोली टोल-टोलमै पुगेर बायोमेट्रिक प्रमाणीकरण गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ। पाटन नगरपालिका ९ ले समेत १ सय ९५ जेष्ठ नागरिकलाई कम्बल वितरण गरेको वडा अध्यक्ष कालु सिह भाटले बताए । वडाले गरी राखेका कार्यबाट नागरिक हर्षित भएका छन् । पाटन नगरपालिकाले सरकारले वडा-वडाका कार्यालयमै पुगेर योजना सम्झैता गरेको थियो । नगरपालिकाले जनतालाई सहज हुने गरी काम गर्ने प्रयास गरिरहेको नगर प्रमुख गौरी सिंह रावलले बताए ।


**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Office Manager - 1 {Male/Female}
- HR Manager - 1 {Male/Female}
- Accountant - 1 {Male/Female}
- Office Receptionist - 2 {Female}

SALARY Negotiable

Requirements:-
★ Minimum 2 Years Experienced in Related Fields.
★ Priority will be given for Manpower Experienced.

Send Your CV at chairman@cpr.com.np
Contact us at +977 9801121045, 9851340071

CONCEPT PLACEMENT RESOURCE PVT. LTD.
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247
Email:, Website:www.cpr.com.np
श्रम ई. पत्र नं. १६३६/०८०/०८१



## खाँडादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०९/२८**

यस खाँडादेवी गाउँपालिकाको आ.व. २०८२/०८३ का लागि स्वीकृत निती तथा कार्यक्रम बमोजिम तपशिल बमोजिमको कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण ब्यबसायीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. स. | ठेक्का नं. | ठेक्काको विवरण | लागत अनुमान (पि.एस., मु.अ.क. सहित ) | बोलपत्र फारम दस्तुर | बोलपत्र जमानत बापतको रकम | बोलपत्रको मान्य अबधि (बोलपत्र खोलेको मिति बाट) |
|---|---|---|---|---|---|---|
| १. | KRM-NCB-WORKS-02-082-083 | Construction of Aawasiya Bidyalaya Bhawan Nirman In Khandadevi Rural Municipality. | ९९,८२,२९६।३३ | ३,०००।०० | २,५०,०००।०० | ९० दिन |
| २. | KRM-NCB-WORKS-03-082-083 | Thulokhet Sinchai Yojana 6 | २५,१६,८०२।७० | ३,०००।०० | ६२,०००।०० | ९० दिन |

सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np./egp. बाट खरिद गरि www.bolpatra.gov.np./egp. मार्फत पेश गरि सक्नुपर्नेछ । यस सुचनामा उल्लेख भएकोमा सोहि बमोजिम र अन्य बिषयको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । बोलपत्र पूर्ण या आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । अन्य जानकारीका लागि कार्यालय समयभित्र निम्न नम्बरमा फोन गरि सम्पर्क राख्न सकिनेछ सम्पर्क नं. ९८६००७५५२५, ९८५४०४३७४०।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२८ पुस २०८२ सोमबार
12 January 2026 Monday

## सम्पादकीय

# मानव-वन्यजन्तु द्वन्द्व घटाऊ

वन्यजन्तुको आक्रमणबाट गत साता मात्र बाँके र बर्दिया निकुञ्जछेउ बस्तीका तीन जनाको ज्यान गयो । निकुञ्जछेउ घाँस दाउरा गर्न जाँदा बाघले दुई जनाको लियो भने एक महिला चितुवाको आक्रमणमा मारिइन् । उनी घाँस काट्न सामुदायिक वन गएकी थिइन् । पछिल्लो नौ महिनामा बर्दियामा ११ जनाको मृत्यु भइसकेको छ । बाँके, चितवनलगायत निकुञ्ज क्षेत्र वरपर पनि वन्यजन्तुको त्यस्तै आतंक छ । यी घटनाले निकुञ्ज मध्यवर्ती क्षेत्रमा बढ्दो मानव-वन्यजन्तु द्वन्द्व गहिरिँदै गएको देखाउँछ । वन्यजन्तुको आक्रमणको घटना बढ्दै जाँदा स्थानीय बासिन्दा त्रसित छन् । विद्यार्थी विद्यालय जान डराइरहेका छन् भने किसान खेतीपाती, घाँसदाउरा गर्न जान कठिन भइरहेको छ । निकुञ्ज वरपरका सामुदायिक वनमा समेत गाईवस्तु चराउन जान नसक्ने स्थिति उत्पन्न भएको छ । यस्तो अवस्थामा राज्यका निकायहरूले पर्याप्त चासो र समस्या समाधानका उपायमा ध्यान दिइरहेका छैनन् । यसले सर्वसाधारणमा आक्रोश बढ्दो छ ।

पछिल्ला वर्षहरूमा वन्यजन्तु संरक्षणमा नेपालले प्रशंसायोग्य सफलता हासिल गरेको छ । अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसारै बाघको संख्या बढेको छ । त्यस्तै, वन क्षेत्र विस्तार र वन्यजन्तु संरक्षणमा लगानी बढाएको छ । तर वनजंगलछेउका बस्तीको सुरक्षाप्रति भने सरकारी ध्यान पुग्न सकेको छैन । जसका कारण मानवबस्ती असुरक्षित बनेको छ । मानव-वन्यजन्तु द्वन्द्व चर्किंदै जाँदा सर्वसाधारणको संरक्षणप्रतिको मोहभंग हुन सक्छ । बाघलगायत वन्यजन्तुबाट बर्सेनि हुने आक्रमण र मानवीय क्षति हेर्ने हो भने मान्छे खुवाएर बाघ पालेजस्तो बन्ने खतरा बढ्दै गएको छ । सम्बद्ध निकायलाई वन्यजन्तु पीडितले पटकपटक ध्यानाकर्षण पनि गराउँदै आएका छन् । तर कुनै सुनुवाइ भएको छैन । जिल्ला सदरमुकाम, प्रदेश हुँदै काठमाडौंसम्मै पीडितले प्रदर्शन गरेका छन् । संघीय र प्रदेश सरकारले समस्याको समाधान खोज्नु त परको कुरा, मृतकका परिवारलाई उचित राहत र खेतबालीको क्षतिपूर्तिसमेत समयमा उपलब्ध गराउन सकेका छैनन् । निकुञ्ज वरपरका बस्तीमा मानव सुरक्षामा अब ढिला गर्नुहुँदैन । जोखिमयुक्त क्षेत्रमा नियमित गस्ती गर्ने र सामुदायिक वनमा सुरक्षित समय र मार्ग तोक्नुपर्छ । पीडितलाई छिटो राहत दिएर आफन्त गुमाउनुपर्दाको पीडामा मल्हम लगाउनुपर्छ । यसको स्थायी र दिगो समाधान नखोजिए वन्यजन्तु संरक्षण नै प्रभावित हुनेछ । वन्यजन्तु संरक्षण मानवीय क्षति बेहोरेर वन्यजन्तु संरक्षण हुन सक्दैन भन्ने सबैले बुझ्न जरूरी छ ।

# तेस्रो विश्वयुद्धको जोखिम

*तेस्रो विश्वयुद्धको सम्भावना केवल अनुमान होइन, एउटा गम्भीर जोखिमका रूपमा देखापरेको छ । यो युद्ध स्पष्ट रूपमा घोषित नहुन सक्छ तर क्षेत्रीय युद्ध, आर्थिक युद्ध, प्रविधि र विचारधाराको टकरावका रूपमा फैलिन सक्छ ।*

अग्रलेख



● अलेक्जेन्डर दुगिन

आजको विश्व राजनीतिमा भइरहेका घटनाहरूलाई गहिराइबाट हेर्दा एउटा असहज तर स्पष्ट निष्कर्षमा पुग्न सकिन्छ- अन्तर्राष्ट्रिय कानुन अब व्यावहारिक अर्थमा अस्तित्वमा छैन । कागजमा यसका धारा, संस्था र घोषणा बाँकी भए पनि विश्व शक्तिहरूका निर्णय, युद्ध, प्रतिबन्ध र हस्तक्षेपहरूलाई यसले निर्देशित गर्न सकेको छैन । विश्व व्यवस्था एउटा संक्रमणकालीन अराजकतामा प्रवेश गरेको छ, जहाँ नियमभन्दा शक्ति निर्णायक बन्दै गएको छ ।

अन्तर्राष्ट्रिय कानुन कहिल्यै पनि पूर्णरूपमा नैतिक वा सार्वभौमिक व्यवस्था थिएन । यो सधैं शक्तिशाली राष्ट्रहरूबीचको सहमतिमा आधारित थियो । जससँग आफ्नो सार्वभौमिकता जोगाउने सैन्य, आर्थिक र राजनीतिक सामर्थ्य थियो, तिनैले नियम बनाउँथे र तिनै नियमहरूलाई 'अन्तर ाष्ट्रिय कानुन'को नाम दिइन्थ्यो । शक्ति सन्तुलन कायम रहुन्जेल मात्र त्यस्तो कानुन टिक्थ्यो । जब शक्ति सन्तुलन भत्किन्थ्यो, कानुन पनि स्वतः निष्क्रिय बन्थ्यो ।



सन् १६४८ को वेस्टफेलिया सन्धिले आधुनिक राष्ट्र-राज्यको अवधारणालाई अन्तर्राष्ट्रिय सम्बन्धको आधार बनायो । युरोपमा क्याथोलिक र प्रोटेस्टेन्ट शक्तिहरूबीचको लामो संघर्षपछि बनेको यो व्यवस्था शक्ति सन्तुलनको उपज थियो । यदि कुनै एक पक्षले पूर्ण विजय हासिल गरेको भए, आजको राष्ट्र-राज्य प्रणाली नै अस्तित्वमा नहुन सक्थ्यो । औपचारिक रूपमा वेस्टफेलियन सिद्धान्त आजसम्म कायम छ किनकि अन्तर ाष्ट्रिय कानुन अझै पनि राष्ट्र-राज्यको सार्वभौमिकतामा आधारित देखिन्छ । तर व्यवहारमा यो समानता कहिल्यै वास्तविक थिएन । सबै राष्ट्र बराबर भनिए पनि केही राष्ट्र सधैं निर्णायक स्थानमा रहे ।

यस यथार्थलाई अन्तर्राष्ट्रिय सम्बन्धको यथार्थवादी सिद्धान्तले स्वीकार गऱ्यो । कमजोर राष्ट्रहरूले बलिया राष्ट्रसँग गठबन्धन गरेर आफ्नो अस्तित्व सुरक्षित गर्ने नीति अपनाए । यही अभ्यासले लामो समयसम्म विश्व व्यवस्थालाई सञ्चालन गऱ्यो । तर, पहिलो विश्वयुद्धपछि बनेको लिग अफ नेशन्सले यस व्यवस्थालाई नैतिक र संस्थागत रूप दिन खोज्दा समस्या सुरु भयो । सार्वभौमिकतालाई सीमित गर्दै विश्वव्यापी नियम लागू गर्ने प्रयास गरियो । तर, १९३० को दशकमा नाजी जर्मनीको उदय, फासिस्ट इटालीको आक्रमण र सोभियत संघका सैन्य कदमहरूले यो प्रयास पूर्ण रूपमा असफल बनाइदिए । दोस्रो विश्वयुद्ध सुरु हुनु अघि नै अन्तर्राष्ट्रिय कानुन व्यवहारमा समाप्त भइसकेको थियो ।

त्यस समय संसार तीन शक्तिशाली विचारधारात्मक ध्रुवमा विभाजित भयो- उदार पुँजीवादी पश्चिम, फासिस्ट युरोप र समाजवादी सोभियत संघ । यहाँ राष्ट्रभन्दा विचारधारा निर्णायक बन्यो । अन्तर्राष्ट्रिय कानुन होइन, बल र विचारधाराको टकरावले विश्वको दिशा तय गर्न थाल्यो । दोस्रो विश्वयुद्ध यही टकरावको चरम अभिव्यक्ति थियो । युद्धको परिणामस्वरूप फासिस्ट ध्रुव समाप्त भयो, तर विश्व पुनः कानुनमा फर्किएन, बरु नयाँ शक्ति सन्तुलनमा प्रवेश गऱ्यो ।

> शीतयुद्धको अन्त्यसँगै १९९१ मा सोभियत संघ विघटन भयो । यसपछि संसार एकध्रुवीय बन्यो । अमेरिका र उसका सहयोगीहरूले आफूलाई विश्वव्यवस्थाको एकमात्र निर्णायक ठान्न थाले । यही क्षणदेखि अन्तर ाष्ट्रिय कानुनको चरित्र पनि परिवर्तन भयो ।

१९४५ पछि संयुक्त राष्ट्रसंघ स्थापना गरियो । यसले औपचारिक रूपमा राष्ट्रहरूको सार्वभौमिक समानता स्वीकार गऱ्यो । तर वास्तविक शक्ति संरचना फरक थियो । संसार अमेरिका र सोभियत संघ नेतृत्वका दुई ध्रुवमा विभाजित भयो । वास्तविक सार्वभौमिकता यी दुई केन्द्रकै हातमा केन्द्रित थियो । अन्य देशहरू कुनै न कुनै रूपमा यी शक्तिहरूको प्रभावमा थिए । संयुक्त राष्ट्रसंघ पनि यही द्विध्रुवीय शक्ति सन्तुलनको प्रतिबिम्ब थियो ।

